**1st Nepal Festival**
KANSAI ネパールフェスティバル関西 2025

**共催**

駐日ネパール大使館

NRNA
海外在住ネパール人協会
日本、関西支部

Ref. No.: 004

मिति: जनवरी १९, २०२५

## स्टल बुकिङ्ग सम्बन्धी आह्वान र जानकारी।

महोदय,

उपरोक्त सम्बन्धमा, नेपालको परम्परा, कला-संस्कृति र पर्यटनलाई जापानमा प्रवर्द्धन गर्दै, दुई देशबिचको मित्रता र सम्बन्धलाई अझ प्रगाढ बनाउने उद्धेश्यले एन.आर.एन.ए. जापान क्षेत्रीय समिति कान्साई, नेपाली राजदूतावास जापानको प्रमुख आयोजनामा र कान्साईमा सक्रिय सम्पूर्ण संघ-संस्थाहरु सह-आयोजकको रूपमा सहभागी हुने 'प्रथम नेपाल फेस्टिवल कान्साई-२०२५' मिति २०२५ अप्रिल २६ र २७ तारिखको दिन ओसाकामा आयोजना गर्न लागिएको जानकारी गराउन पाउँदा हामी अत्यन्त हर्षित भएका छौं।

नेपाली खानाले बिश्व-व्यापी ब्यबसायिक सफलता प्राप्त गरेको हुदा नेपाल फेस्टिवलको विभिन्न आकर्षण मध्येको प्रमुख आकर्षण नेपाली खाना पनि हो। स्टलमा नेपाली खानाको विविधता र गरिमालाई उच्च राख्दै गुणस्तर सहितको नेपाली फूड-स्टलकोलागि आव्हान गरिएको छ। यस फेस्टिवलको लागि निम्न देहाय बमोजिमको प्रक्रिया पुरा गरी स्टल आवेदनको लागि अनुरोध गर्दछौ।

१) 'प्रथम नेपाल फेस्टिवल कान्साई-२०२५' को लागि फूड स्टलको शुल्क दुई दिनको लागि ३० मान येन तोकिएको छ। फूड-स्टलको लागि तोकिएको ३० मान येन भित्र इन्सुरेन्स, फ्रिज, ग्यास चुलो (एउटा), शिंक (हात धुने स्थान), टेबल, कुर्ची आदि समावेश गरिएको छ।

२) अन्य सेवामूलक स्टलको लागि २ दिनको १२ मान येन तोकिएको छ।

३) स्टल बुकिङ्गको लागि फेब्रुअरी २८ सम्मको समय निर्धारित गरिएको छ। यो समयभित्र पहिलो बुकिङ्ग र स्टल शुल्क भुक्तान गर्नेहरुलाई पहिलो प्राथमिकताका साथ स्टल उपलब्ध गराइनेछ।

४) मार्च १० तारिखमा सम्पूर्ण आवेदकहरुको उपस्थिति सहित स्टलको बाँडफाँड गरिनेछ।

५) यदि स्टल बुकिङ्गको लागि माग भन्दा बढी आवेदन प्राप्त भएमा सम्पूर्ण आवेदकहरूको उपस्थितिमा गोला प्रथाद्वारा निर्णय गरिनेछ।

६) 'प्रथम नेपाल फेस्टिवल कान्साई-२०२५' संग सम्बन्धित जानकारीहरु एनआरएनए कान्साईको अफिसियल फेसबुक र इभेन्ट पेजबाट प्रेषित गरिनेछ।

७) स्टल बुकिङ्ग सम्बन्धी आवश्यक व्यवस्थापन र विशेष निर्णयहरू गर्नुपर्ने खण्डमा त्यसको जिम्मेवारी स्टल व्यवस्थापन समिति र मूल आयोजक समितिमा हुनेछ।

उपरोक्त बुदासहित 'प्रथम नेपाल फेस्टिवल कान्साई-२०२५' मा स्टल राख्न इच्छुक व्यक्ति, व्यवसायी र संस्थाहरुलाई स्टल आवेदन फारम भरि माथि उल्लेखित मिति सम्ममा नेपाल फेस्टिवल मूल आयोजक समिति र स्टल व्यवस्थापन समितिसँग सम्पर्क राखी स्टल बुकिङ्ग गर्नु हुन अनुरोध गर्दछौ।

आशा छ, सम्पूर्ण स्टल व्यवस्थापकहरुले फेस्टिवलमा स्वादिष्ट, स्वच्छ र स्वास्थ्यप्रदक परिकारहरु पस्कनु हुनेछ।

धन्यवाद।

@1st.nepal.festiva

**नोट**: एन.आर.एन.ए जापान, कान्साई क्षेत्रीय समिति को खातामा रकम भुक्तान गरेपछि मात्र स्टल बुकिङ भएको मान्य हुनेछ।
**ゆうちょ銀行 14130-04064031 エヌアールエヌ　カンサイ**
**Japan Post Bank 14130-04064031 NRN KANSAI**

| | | | | |
|---|---|---|---|---|
| बिष्णु सापकोटा<br>सदस्य सचिव<br>(नेपाल फेष्टिवल कान्साई २०२५) | हरिप्रसाद कंडेल<br>क्षेत्रीय संयोजक<br>एन.आर.एन.ए जापान<br>(कान्साई क्षेत्रीय समिति) | महेश कुमार कटवाल<br>स्टल व्यवस्थापन समिति संयोजक<br>(नेपाल फेष्टिवल कान्साई २०२५) | नरेन्द्र कुमार बस्नेत<br>व्यवस्थापन समिति संयोजक<br>(नेपाल फेष्टिवल कान्साई २०२५)<br>विशेषज्ञ समिति सदस्य<br>एन.आर.एन.ए जापान | कृष्ण गैरे<br>कार्यक्रम संयोजक<br>(नेपाल फेष्टिवल कान्साई २०२५)<br>उपाध्यक्ष<br>एन.आर.एन.ए. जापान |